**माननीय सभामुख महोदय,**

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले **विनियोजन विधेयक, २०८२** का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

२. नेपालको संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप प्रदेश सरकार सञ्चालनका सात वर्ष पुरा भएका छन्। यस अवधिमा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक रूपान्तरण, मानव विकास र सुशासन प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। असीमित आवश्यकताका बीच सीमित स्रोत साधनको परिचालनबाट विकासका आधारशिला तयार भएका छन्। **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा साकार पार्न प्रदेश सरकारले तय गरेको **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** निर्माणको दीर्घकालीन सोच अनुरुप जनताको जीवनस्तरमा सुधार गर्न स्रोत साधन परिचालन गरिएको छ।

३. अर्थ व्यवस्थामा देखिएको शिथिलतामा कमी आई आर्थिक क्रियाकलापमा क्रमशः सुधार हुँदै गईरहेको छ। संघबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँट लक्ष्य अनुसार प्राप्त नभएपनि विगत बर्षको तुलनामा बढोत्तरी भएको छ। चालू

खर्चलाई बाञ्छित सीमामा राख्न सकिएको छैन। पुँजीगत बजेट क्रमश: घट्दै गईरहेको भएतापनि विनियोजनको तुलनामा खर्चको प्रतिशत बढ्दै गईरहेको छ। आन्तरिक स्रोत परिचालन लक्ष्य अनुरुप हुन नसक्दा प्रशासनिक खर्चमा समेत संघीय अनुदानमा निर्भर हुनुपर्ने अवस्थाले प्रदेशको वित्तीय व्यवस्थापन सन्तुलित रूपमा संचालन गर्न चुनौतीपूर्ण बन्दै गइरहेको छ। राजस्व परिचालन एवम् विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा थप सुधार गरेर मात्र अपेक्षित नतिजा हासिल हुने देखिन्छ।

**माननीय सभामुख महोदय,**

नेपालको संविधान र प्रदेश सभाबाट पारित प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रमको मार्गदर्शनमा रही कोशी प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता सम्मानित सभा समक्ष प्रस्तुत गर्न तयार गरेको छु।

अव म कोशी प्रदेश विनियोजन विधेयक, २०८२ का सिद्धान्त प्रस्तुत गर्दछु।

## ४. आर्थिक आधारको सबलीकरण र आर्थिक वृद्धि

उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्न समग्र आर्थिक आधारको सबलीकरण गरिनेछ। हरित अर्थतन्त्रको विकास र प्रवर्द्धनका लागि नीतिगत र कानूनी सुधार



गरिनेछ। सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको साझेदारीमा आर्थिक समुन्नति प्राप्त हुने, राष्ट्रिय पूँजी निर्माण हुने, नागरिकमा सन्तुष्टि वृद्धि गर्ने तथा राजस्वमा प्रत्यक्ष योगदान गर्ने आयोजनामा लगानी बढाउँदै लगिनेछ।

## ५. दिगो विकास

प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" निर्माणको दीर्घकालीन सोच अनुरुप आर्थिक सामाजिक विकासलाई दिगो बनाउन विकास प्रक्रियाका हरेक चरणमा दिगो विकासको अवधारणालाई आन्तरिकीकरण गर्दै लगिनेछ। विकासशिल राष्ट्रमा स्तरोन्तिको दिगोपनाका लागि लिनुपर्ने रणनीति कार्यान्वयन गर्न र प्रदेशको दोस्रो आवधिक योजनाका आधारस्तम्भ समुन्नति, खुसी र सुशासनका सूचकमा सुधार गरिनेछ। विपद्को जोखिम न्यूनिकरण गर्न पूर्व तयारीको कार्य सुदृढ बनाईनेछ। विपद्का समयमा समन्वयात्मक रुपमा खोज उद्धार र पुनर्स्थापनामा जोड दिइनेछ। प्राकृतिक स्रोतको संरक्षण गर्दै जलवायु परिवर्तनबाट परेको प्रभावलाई कम गर्न अनुकूलन तथा न्यूनीकरणका लागि स्रोत परिचालन गरिनेछ।

**६. संघीयता कार्यान्वयन र अन्तरतह समन्वय**

संविधानमा उल्लिखित तहगत अधिकार सूचीलाई बजेट निर्माणको मुख्य आधार बनाइनेछ। सन्तुलित र समावेशी विकासका लागि संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई थप सुदृढ पारिनेछ। संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन अनुसार राजस्वको बाँडफाँट र वित्तीय हस्तान्तरणलाई थप प्रभावकारी बनाइनेछ। प्रदेश संरचनाको आवश्यकता र महत्वलाई केन्द्रमा राखी आर्थिक, सामाजिक तथा भौगोलिक क्षेत्रको सन्तुलित विकासमा जोड दिइनेछ।

**७. सार्वजनिक सेवा प्रवाह र सुशासन**

सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, विश्वसनीय, पारदर्शी र उत्तरदायी बनाई सुशासन प्रवर्द्धन गरिनेछ। प्रदेश सरकारबाट प्रदान गरिने सेवामा समान र सहज पहुँच सुनिश्चित गर्न अवलम्वन गरिएको विद्युतीय शासन प्रणालीलाई थप सुदृढ गरिनेछ।

**८. सार्वजनिक वित्त र वित्तीय अनुशासन**

चालु खर्चमा हुने विनियोजनलाई वाञ्छित सीमाभित्र राखी आर्थिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन लाभ पुऱ्याउने गरी पूँजीगत खर्चमा विनियोजन केन्द्रित गरिनेछ। स-साना



आयोजनामा बजेट विनियोजन हुने प्रवृत्तिलाई निरुत्साहित गर्दै बहुवर्षीय तथा रुपान्तरणकारी आयोजनामा पर्याप्त बजेट विनियोजन गरी सार्वजनिक खर्चलाई परिणाममुखी बनाइनेछ। आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन नीतिगत र संरचनागत सुदृढीकरण गरिनेछ। प्रदेशको सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाई वित्तीय अनुशासन कायम गरिनेछ।

**९. सामाजिक विकास ,न्याय र मानव अधिकार**

शिक्षा, स्वास्थ्य, खानेपानी, आवास र पोषण लगायतका क्षेत्रमा गुणस्तर सुधार गरी सबैको पहुँच सुनिश्चित गरिनेछ। महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सिमान्तकृत र आर्थिक रुपले विपन्न नागरिकको संरक्षण, सशक्तीकरण, उत्थान र विकासका लागि उपलब्ध स्रोत, साधन र अवसरको न्यायोचित वितरण गरी सामाजिक विकासका सूचकमा सुधार गरिनेछ। अन्तर्राष्ट्रिय प्रतिबद्धता र संविधान प्रदत्त मौलिक हकको संरक्षणबाट मानव अधिकारको प्रवर्द्धन गरिनेछ।

**१०. ग्रामीण विकास**

ग्रामीण र शहरी क्षेत्रबीच अन्तरसम्वन्ध मजबुत बनाउन स्थानीय पूर्वाधार विकास गरिनेछ। ग्रामीण क्षेत्रबाट हुने

बसाईंसराई न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य, विद्युत, सडक, खानेपानी र सूचना प्रविधि लगायतका आधारभूत सुविधा सहित आर्थिक अवसर तथा स्व-रोजगार सिर्जना गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म कोशी प्रदेश विनियोजन विधेयक, २०८२ का प्राथमिकता प्रस्तुत गर्दछु।

**११. जनमुखी सेवा प्रवाह र सुशासन**

प्रदेशबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभावकारी बनाउन नीतिगत सुधार र भौतिक संरचना तथा सूचना प्रविधि पूर्वाधारलाई थप सुदृढ गरिनेछ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवालाई थप जवाफदेही, जनमुखी र उत्प्रेरित गर्न जनशक्तिको क्षमता अभिवृद्धि र व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ। भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन कायम गरिनेछ। सुशासन प्रवर्द्धन तथा शासकीय सुधार गरी प्रदेश केन्द्रित सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ।

**१२. कानूनी शासन र शान्ति सुरक्षा**

कार्यविधि तथा निर्देशिकाबाट हुने शासकीय कार्यप्रणालीलाई क्रमश: घटाउदै लगिनेछ। प्रदेशभित्र हुने अपराध नियन्त्रणका लागि सूचना प्रविधिमा आधारित अपराध



अनुसन्धान प्रणालीलाई सुदृढ गर्दै सुरक्षा निकाय, स्थानीय तह र गैरसरकारी संस्थाको सहयोग र समन्वयमा मानव बेचबिखन, लागूऔषध सेवन तथा ओसारपोसार जस्ता कार्यलाई नियन्त्रण गरिनेछ। जीवनउपयोगी सीप, नैतिक शिक्षा र सामाजिक चेतनाको माध्यमबाट असल नागरिक निर्माणको लागि अभियान अगाडि बढाईनेछ।

**१३. भौतिक पूर्वाधार**

रुपान्तरणकारी र बहुवर्षीय आयोजनालाई प्राथमिकताका साथ निर्धारित समयमा सम्पन्न गरिनेछ। प्रादेशिक सडक सञ्जालका सडक निर्माणलाई प्राथमिकतामा राखिनेछ। स्थानीय तहको केन्द्र जोड्ने, सांस्कृतिक महत्वका स्थल तथा पर्यटकीय स्थल जोड्ने सडकको निर्माण तथा स्तरोन्नति गरिनेछ। ग्रामीण क्षेत्रमा रहेका बजार केन्द्रको विकास र विपन्न नागरिकको आवास व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। सार्वजनिक निजी साझेदारीमा रणनीतिक महत्वका पूर्वाधार निर्माण गरिनेछ। आवागमन सहज बनाउन सडकपुल र झोलुंगेपुलको विस्तार गरिनेछ। प्रदेश राजधानीको मुख्य प्रशासनिक संरचनाको निर्माण प्रारम्भ गरिनेछ।

## १४. कृषिको आधुनिकीकरण र व्यवसायीकरण

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण, आधारभूत खाद्यवस्तु र तुलनात्मक लाभ भएका बाली तथा पशुपंक्षीको उत्पादन, प्रशोधन र बजारीकरणमा निजी, सहकारी तथा अन्तर सरकार समन्वय र सहकार्य गरिनेछ। कृषक, सहकारी, संकलनकर्ता र व्यापारीसँगको सहकार्यमा कृषि उत्पादनको मुल्य शृङखला प्रवर्द्धन गरिनेछ। कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशुविज्ञ केन्द्रलाई प्रशिक्षण केन्द्र एवम् आधारभूत प्रयोगशालाको रुपमा स्तरोन्नति गरी स्थानीय तहमा रहेका कृषि तथा पशु सेवा केन्द्रको प्राविधिक क्षमता विकास गरिनेछ। कृषि तथा पशुपंक्षीजन्य उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बद्ध उन्नत प्रविधि प्रयोग तथा व्यवसाय विस्तारका लागि ब्याज अनुदान उपलब्ध गराइनेछ। कृषि तथा पशुजन्य उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा सहज प्रवेशको लागि संघीय सरकारसँग समन्वय गरिनेछ। पशुपन्छीमा लाग्ने महामारी रोग नियन्त्रण गरी स्वस्थ पशुपन्छी जन्य उत्पादन वृद्धि गरिनेछ। कृषि तथा पशुपालनका क्षेत्रमा युवाको सहभागिता बढाउन उपयुक्त वातावरण सिर्जना गरिनेछ।



## १५. खानेपानी, सिँचाइ तथा ऊर्जा

नागरिकलाई गुणस्तरीय खानेपानी सेवा सुनिश्चित गर्न खानेपानी आयोजनाहरूको सञ्चालन, स्तरोन्नति तथा मर्मत सम्भार गरिनेछ। फोहोरमैला व्यवस्थापन गर्न स्थानीय तहको सहकार्यमा नविन प्रविधिको उपयोग गरिनेछ। खानेपानीको समस्या भएका ग्रामीण क्षेत्रमा खानेपानी आयोजना सञ्चालन गरिनेछ। सिँचाइ प्रणालीको सुदृढीकरण, पुनर्स्थापना र मर्मत सम्भार गरी कृषियोग्य भूमिमा बर्षैभरी दिगो सिँचाइ सुविधा उपलब्ध गराइनेछ। राष्ट्रिय विद्युत् प्रसारण नपुगेका क्षेत्रमा लघु तथा साना जलविद्युत् र सौर्य तथा वायु उर्जा परियोजना सञ्चालन गर्न स्थानीय तह, निजी क्षेत्र तथा समुदायसँग साझेदारी गरिनेछ। प्रदेश सरकारवाट जलविद्युत्का सम्भावित क्षेत्रमा एकल लगानी र सार्वजनिक-सामुदायिक साझेदारी तथा सार्वजनिक-निजी साझेदारी लगायतका अन्य माध्यमवाट लगानी गरी नागरिकको आयस्तर र प्रदेशको आन्तरिक आयको अभिवृद्धि गरिनेछ।

## १६. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन

प्रदेशका सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदा संरक्षण गर्दै निजी क्षेत्र र समुदायको सहकार्यमा कोशी पर्यटन वर्ष, २०८२ लाई प्रवर्द्धन गरिनेछ। आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न प्राकृतिक, धार्मिक, सांस्कृतिक र

साहसिक पर्यटनका पूर्वाधार र सेवामा सुधार गरी कोशी प्रदेशलाई गुणस्तरीय पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।

## १७.शिक्षा, खेलकुद, संस्कृति, रोजगार र समावेशिता

प्रादेशिक विश्वविद्यालय, सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय र सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण तथा गुणस्तर सुधारलाई प्राथमिकता दिईनेछ। खेलकुद पूर्वाधारको विस्तार र प्रवर्द्धन गर्दै खेलाडीको प्रशिक्षण, सहभागिता र व्यवसायिकता विकास गरिनेछ। कोशी प्रदेशमा रहेका भाषा, लिपि, धर्म, संस्कृति, सम्पदा, कला, साहित्य र सङ्गीतको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सिमान्तकृत र आर्थिक रुपले विपन्न नागरिकको संरक्षण, सशक्तीकरण, उत्थान र विकास गरिनेछ। सूचना प्रविधि शिक्षा र प्राविधिक तथा व्यवसायिक तालिमको विस्तार गरी युवा उद्यमशीलता र स्वरोजगारका लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ।

## १८.स्वास्थ्य सेवा

स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गरिनेछ। शारीरिक, मानसिक र सामाजिक स्वास्थ्य प्रवर्द्धन गरिनेछ। प्रदेश सरकार मातहतका अस्पतालबाट प्रवाह हुने सेवाको



गुणस्तर सुधार गर्न भौतिक संरचना, स्वास्थ्य उपकरण, प्रयोगशाला, औषधि, अत्यावश्यक स्वास्थ्य सामाग्री र विशेषज्ञ सेवाको विस्तार गरिनेछ। सुरक्षित मातृत्व, वालवालिका तथा किशोर किशोरीको खोप र पोषण सम्बन्धी सेवा प्रदान गरिनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अनुसन्धान, नियमन तथा प्रेषण केन्द्रको रुपमा विकास गरिनेछ। आयुर्वेद चिकित्सा सेवालाई गुणस्तरीय बनाउन विशेषज्ञ प्रेषण अस्पताल र तालिम केन्द्रको विकास गरिनेछ। चिकित्सा क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्न प्रादेशिक विश्वविद्यालयसँगको सहकार्यमा चिकित्सा शिक्षा अध्यापन सुरु गरिनेछ।

## १९.औद्योगिक विकास र निजी क्षेत्रको प्रवर्द्धन

उद्यमशीलता विकासका माध्यमबाट प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउन स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालनलाई प्रोत्साहन गरिनेछ। निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकको रूपमा अगाडि बढाउन नीतिगत र संरचनागत सुधार गरी लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। साना तथा मझौला उद्यम व्यवसायको विकास र विस्तारका लागि सहजीकरण, पूँजीमा पहुँच वृद्धि र प्रविधि तथा व्यवस्थापन सुधारका लागि सहयोग गरिनेछ। युवालाई उद्यमशीलता तर्फ

आकर्षित गरिनेछ। औद्योगिक ग्रामको सञ्चालनलाई थप प्रभावकारी बनाइनेछ। उपभोक्ता हक-हित संरक्षणलाई थप व्यवस्थित गरिनेछ।

**२०.यातायात क्षेत्र व्यवस्थापन**

सार्वजनिक यातायातलाई निजीक्षेत्रको सहकार्य र समन्वयमा सुरक्षित भरपर्दो, मर्यादित, व्यवस्थित र प्रविधियुक्त बनाइनेछ। सवारी दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र, यातायात क्षेत्रका अभिलेख र राजस्व संकलन प्रक्रियालाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।

**२१.वन र वातावरण संरक्षण**

दिगो वन व्यवस्थापनका लागि राष्ट्रिय तथा सामुदायिक वनक्षेत्रको उत्पादकत्व वृद्धि गरी उत्पादित वस्तु तथा सेवाको प्रभावकारी व्यवस्थापन गरिनेछ। काष्ठ तथा गैहकाष्ठ उत्पादनमा आधारित उद्योगको स्थापना, सञ्चालन तथा प्रविधि विकासमा सार्वजनिक, सामुदायिक, सहकारी र निजी क्षेत्रको साझेदारी तथा लगानीलाई प्रोत्साहन गरिनेछ। सडक किनार र नदी उकास जग्गामा वृक्षारोपण तथा कृषिवन पद्धति प्रवर्द्धन र विस्तार गरिनेछ। वन्यजन्तुको वासस्थान र जैविक मार्गको पहिचान तथा प्रभावकारी व्यवस्थापन मार्फत मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण



गरिनेछ। वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, अध्ययन, अवलोकन गर्न प्राणी उद्यान स्थापना गरिनेछ। जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण तथा अनुकूलन गर्न चुरे तथा जलाधार क्षेत्रमा माटो, पानी र वनस्पतिको व्यवस्थापन गरी बाढी, पहिरो, भूक्षय नियन्त्रण, पूर्वाधार संरक्षण, सुख्खा क्षेत्र व्यवस्थापन र भूमिगत जल भण्डार पुनर्भरण गरिनेछ।

**२२.विपद् व्यवस्थापन**

विपद् प्रतिकार्य र पूर्वतयारी सम्बन्धी कार्ययोजनालाई व्यवस्थित बनाईनेछ। विपद् जोखिम विद्युतीय नक्सांकन, पूर्वसूचना प्रणाली, उद्धार, राहत एवम् पुनर्स्थापना जस्ता कार्यलाई थप प्रभावकारी बनाइनेछ। विपद्जन्य घटनामा परेका पीडित नागरिकलाई छिटो छरितो र प्रभावकारी रुपमा राहत तथा सहायता उपलब्ध गराउने प्रणाली विकास गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा एकिकृत विपद् व्यवस्थापन केन्द्रलाई थप सुदृढ तथा विस्तार गरिनेछ।

**२३.सहकारीको अनुगमन र नियमन**

सहकारी संस्थाका सम्भाव्य वित्तीय जोखिम न्यूनीकरण, अनियमितता, वचत अपचलन र ठगी नियन्त्रण गर्न अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ।

सहकारी क्षेत्रको स्रोत साधन र पूँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गरिनेछ.।

२४. सार्वजनिक वित्तीय व्यवस्थापन

आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयनबाट आयोजना तथा कार्यक्रमको छनौटलाई व्यवस्थित बनाउँदै बजेट तर्जुमा प्रकृयालाई सुधार गर्दै लगिनेछ। आन्तरिक राजस्व अभिवृद्धि गर्न नीतिगत तथा संरचनागत सुधार गरिनेछ। सार्वजनिक खर्चलाई थप औचित्यपूर्ण बनाउने गरी आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गरिनेछ। विनियोजन कुशलता अभिवृद्धि गरी बजेटको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ। अनुगमन प्रणालीमा सुधार गरी लक्ष्यसँग वित्तीय तथा भौतिक प्रगतिमा तादाम्यता कायम गरिनेछ। आन्तरिक नियन्त्रण र आन्तरिक लेखा परीक्षणमा सुधार गर्नुका साथै बेरुजू न्यूनीकरण र फस्यौंटलाई प्राथमिकता दिइनेछ। स्थानीय तहमा रहेको वित्तीय स्रोतको न्यूनता सम्बोधन गर्न प्रदेशको आन्तरिक आय वृद्धिको अनुपातमा वित्तीय हस्तान्तरणमा वृद्धि गरिनेछ।

माननीय सभामुख महोदय,

२५. यस सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता प्रदेशको आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, वस्तुगत यथार्थता र



उपलब्ध हुने साधन र स्रोतका बीच तादाम्यता हुनेगरी तयार गरिएको छ।

अन्त्यमा, विनियोजन विधेययका सिद्धान्त र प्राथमिकतामाथि छलफलका क्रममा माननीय सदस्यबाट व्यक्त हुने विचार, विश्लेषण र सुझावलाई महत्वपुर्ण आधारका रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वास दिलाउछु। विनियोजन कुशलता र बजेट प्रणालीमा अनुशासन कायम गरी प्रदेशप्रति आशा एवम् विश्वास जगाउन आगामी आर्थिक वर्षको बजेटले महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा म विश्वस्त छु।

धन्यवाद।

मिति २०८२/०२/११ गते